२०७५ श्रावण

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
# गन्यापधुरा गाउंपालिका, डडेल्धुरा





## आर्थिक वर्ष २०७४/०७५ को

## वार्षिक

# प्रगति प्रतिवेदन


गन्यापधुरा गाउंपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
गणेशपुर, डडेल्धुरा
प्रदेश नं. ७, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
**प्राविधिक सहयोग इकाई**
डडेल्धुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश ........ 2

१. पृष्ठभूमी ........ 4

२. लक्ष बमोजिम उपलब्धी ........ 5

  २.१. भौतिक प्रगति ........ 5

  २.२. क्षमता विकास ........ 6

  २.३. जीविकोपार्जन कार्यक्रम ........ 7

३. अनुगमन तथा प्रतिवेदन ........ 8

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 9

५. नीति तर्जुमा ........ 10

६. सहकार्य ........ 10

७. आइपरेका समस्याहरु ........ 11

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 12

अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 13

अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण ........ 14

अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 15

अनुसूची ४ : भिजिबिलिटी ........ 16

अनुसूची ५ : जनशक्ति विवरण ........ 17


## तालिका सूची


तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ३ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ५ : आयआर्जन सम्बन्धी विवरण
तालिका ६ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ७ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका ८ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका ९ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १० : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका ११ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | गन्यापधुरा गाउँपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३२ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

**परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत)

| शीर्षक | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|
| पूँजीगत | ८,७२०.५०६ | ८,६१७.०६२ | ८,६१७.०६२ | ९९% |
| कार्यक्रम/चालु: | २,८५३.००० | २,८५३.००० | २,१२७.४१० | ७५% |
| **जम्मा** | **११,५७३.५०६** | **११,४७०.०६२** | **१०,७४४.४७२** | **९३%** |

**श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा)

| लगानीको स्रोत | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|
| स्थानीय तह | ५३५.५०६ | ४३२.०६२ | ४३२.०६२ | ८१% |
| नेपाल सरकार | ४,४२८.००० | ४,४२८.००० | ४,४२८.००० | १००% |
| दातृ निकाय (GoF/EU) | ६,६१०.००० | ६,६१०.००० | ५,८८४.४१० | ८९% |
| **जम्मा** | **११,५७३.५०६** | **११,४७०.०६२** | **१०,७४४.४७२** | **९३%** |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | • गत आ.व. देखि कार्यान्वयनमा रहदै आएको २ वटा खानेपानी तथा सरसफाई योजना सम्पन्न भई २०३ घरधुरीका १२०६ जनाको साथै तीन वटा विद्यालयका ६५९ जना विद्यार्थी र गन्यापधुरा गाउँपालिका अन्तरगत रहेका सम्पुर्ण सरकारी कार्यालयहरुले शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।<br>• यसै आ.व. मा कार्यान्वयनका लागि सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका कैलुन झाजरीखोला नाउली खानेपानी तथा सरसफाई योजना र जायकोट जिमरोडा सिमलपुर खानेपानी तथा सरसफाई योजनाको निमार्ण कार्य नियमित रुपमा संचालन भई योजनाहरुको निर्माण कार्य करीव ४० प्रतिशत पुगेको छ र आगामी आ.व. मा यि योजनाहरुबाट ११८ घरधुरीका ७१३ जनसंख्या खानेपानी सेवाबाट लाभान्वित हुनेछन् ।<br>• सम्पन्न भएका तथा निर्माणधीन अवस्थामा रहेका ४ वटा योजनाहरुमा हालसम्म रु. १५६,००० मर्मत संभार कोषमा रहेको छ जुन रकम योजना दिगोपनको लागि महत्वपूर्ण आधार हो । साथै योजनाको दिगोपनलाई मध्यनजर गरेर प्रत्येक योजनाहरुले महिनामा रु |

| | |
|---|---|
| | १० देखि रु ३० सम्म प्रति घरधुरी प्रति महिना पानी शुल्क वापत रकम जम्मा गर्ने र सो को रेकर्ड अद्यावधिक गर्दै गइरहेका छन् ।<br>● सम्पन्न भएका तथा निर्माणाधीन अवस्थामा रहेका ४ योजनाहरुमा योजनाको सेवालाई सूचारु गर्नको लागि आवश्यक प्राविधिक सहयोग पुर्‍याउनको लागि ६ जना मर्मत संभार कार्यकर्ता नियमित रुपमा परिचालन भएका छन् । |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | ● यस आ.व. मा ५ समूहका १५० घरधुरीका ७८० जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी ब्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।<br>● यस आ.व. मा २ समूहका ५७ घरधुरीका २९६ जनसंख्या ब्यसायिक तरकारी खेतीबाट न्यूनतम प्रतिव्यक्ति प्रतिसिजन रु ६५० देखि रु १०,५०० सम्म प्रति घरधुरीले आयआर्जन गर्दै आइरहेका छन् ।<br>● यस गाउँपालिकामा यस आ.व.मा ५ जनाले अगुवा कृषक तालिम पाई समूहमा घरवारी ब्यवस्थापनको लागि सहजिकरण गर्दै आइरहेका छन् ।<br>● यस गाउँपालिकामा यस आ.व.मा १ जना महिलाले स्थानीय श्रोत ब्यक्ति विकास तालिम प्राप्त गरी घरवारी ब्यवस्थापन, ब्यवसायिक तरकारी खेती जस्ता प्रविधिकमा कृषकहरुलाई आवश्यकता अनुसार सहयोग गर्दै अइरहेका छन् ।<br>● ७ समुहमा एक दिने घरवारी पुनरताजगी तालिम सम्पन्न गरि १४ जना अगुवा कृषक प्रत्येक्ष रुपमा लाभान्वित भएका छन् भने अप्रत्येक्ष रुपमा ६ वटा खानेपानी तथा सरसफाई योजनाका ४२३ घरधुरी लाभान्वित भएका छन् । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | ● विभिन्न किसिमका दिवशहरु, समुहगत छलफल, उपभोक्ता तथा सरसफाई समितिका पदाधिकारीहरुलाई दिईने विभिन्न तालिम गोष्ठीमा गरिने छलफल, सिकाई आदान प्रदान भ्रमण, निर्माण गरिएका संरचनाहरु आदिको माध्यमवाट जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण गर्ने कार्यमा टेवा पुग्ने गरेको छ । |
| नतिजा ४ : क्षमता विकास | ● गाउँपालिका ग्रामीण जलस्रोत ब्यवस्थापन परियोजनाको परियोजना ब्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका कियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन भूमिका निर्वाह गरेको छ ।<br>● निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष गाउँपालिकामा निर्माण सम्पन्न र निर्माणधीन अवस्थामा रहेका ४ वटा योजनाहरुमा ६ जना ग्रामीण मर्मत संभार कार्यकर्ता विकास गरी परिचालन भएका छन् । |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP)राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/४/३२ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेषण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै ९३ प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको रु.४४,२८,००० रकम खर्च भएको छ भने दातृ निकाय तर्फको रु ६६,१०,००० मध्ये रु. ५८,८४,४१० खर्च भई बाँकी रहेको रु. ७,२५,५९०।०० अर्को वर्षमा सरी गएको छ। स्थानीय तहको विनियोजित मध्ये रु.४,३२,०६१.७३ खर्च गरिएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा ९३% आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका ४ वटा भौतिक निर्माण तर्फका योजना मध्ये २ वटा योजना सम्पन्न भएको छ भने २ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन्। त्यसैगरी २ वटा वहुउपयोगी योजनाहरुको तयारी चरण क्रियाकलापहरु सम्पन्न भएतापनि वजेट अभावको कारण अर्को आर्थीक वर्षमा कार्यान्वयन गरी सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

यस प्रतिवेदनमा गन्यापधुरा गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा पनि गरिएको छ।

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

- गत आ.व. देखि कार्यान्वयनमा रहदै आएको सवसेन्टर खानेपानी तथा सरसफाई योजना सम्पन्न भई ९१ घरधुरीका ५२७ जनाको साथै गणेश मा.वि. का ४४० जना विद्यार्थी र गन्यापधुरा गाउँपालिका अन्तरगत रहेका सम्पुर्ण सरकारी कार्यालयहरुले शुद्ध खानेपानीबाट लाभान्वित भएका छन्।
- गत आ.व. देखि कार्यान्वयनमा रहदै आएको सिम कालढुंगा खानेपानी तथा सरसफाई योजनावाट ११२ घरधुरीका ६७९ जनाको साथै २ वटा विद्यालयका २१९ जना विद्यार्थी शुद्ध खानेपानीबाट लाभान्वित भएका छन्।
- यसै आ.व. मा कार्यान्वयनका लागि सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका कैलुन झाजरीखोला नाउली खानेपानी तथा सरसफाई योजना र जायकोट जिमरोडा सिमलपुर खानेपानी तथा सरसफाई योजनाको निर्माण कार्य नियमित रुपमा संचालन भई योजनाहरुको निर्माण कार्य करीव ४० प्रतिशत पुगेको छ र आगामी आ.व. मा यि योजनाहरुबाट ११८ घरधुरीका ७१३ जनसंख्या खानेपानी सेवाबाट लाभान्वित हुनेछन्।
- यस आ.व. मा ५ समूहका १५० घरधुरीका ७८० जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ।
- यस आ.व. मा २ वटा समूहका ५७ घरधुरीका २९६ जनसंख्या व्यवसायिक तरकारी खेतीबाट न्यूनतम प्रतिव्यक्ति प्रति सिजन रु ६५० देखि रु १०,५०० सम्म प्रति घरधुरीले आयआर्जन गर्दै आइरहेका छन्। यस हिउँदे सिजनमा यि दुवै समुहले काका, फर्सि, भेडेखुर्सानी, आलु आदि खेतीमा परियोजनाको रु. ५५,००० लगानीमा एउटै सिजनमा रु. १,८८,००० को विक्रि गरे भने उक्त ५७ परिवारले आवश्यक मात्रामा तरकारी उपभोग गरि पोषणमा समेत सुधार आएको छ।
- यस गाउँपालिकामा यस आ.व.मा ५ जनाले अगुवा कृषक तालिम पाई समूहमा घरवारी व्यवस्थापनको लागि सहजिकरण गर्दै आइरहेका छन्।
- यस गाउँपालिकामा यस आ.व.मा १ जना महिलाले स्थानीय श्रोत व्यक्ति विकास तालिम प्राप्त गरी घरवारी व्यवस्थापन, व्यवसायिक तरकारी खेती जस्ता प्रविधिकमा कृषकहरुलाई आवश्यकता अनुसार सहयोग गर्दै अइरहेका छन्।

*तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | २ | १२०६ | २ | १२०६ | १००% | १००% |
| २ | घरबारी व्यवस्थापन | ५ समूह | १५० | ५ समूह | १५० | १००% | १००% |

समग्रमा योजना गरिएका सबै योजनाहरु सम्पन्न भए पनि तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजना दिगोपन सम्बन्धि गाउँपालिकास्तरीय कार्यशाला गोष्ठी सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन् ।

*तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क.सं. | लक्ष गरिए बमोजिम सम्पन्न हुन नसकेको योजना तथा कार्यक्रम | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|---|
| १ | योजना दिगोपन सम्बन्धि गाउँपालिकास्तरीय कार्यशाला गोष्ठी | प्रस्तावित योजनाहरु आ.व.को अन्त्यतिर सिद्धिएकोले । | आगामी आ.व.मा संचालन गर्ने |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.२. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- यस आ.व.मा यस गाउँपालिकामा जम्मा लक्षित ६ वटा योजनामा चरणबद्ध कार्यतलिका अनुसारका क्रियाकलापहरु मध्ये ६ वटा योजनाहरुमा चरवद्ध कार्यतालिका बमोजिमका सबै तालिमहरु सम्पन्न भई उपभोक्ता समितिको क्षमता विकास भएको छ ।
- गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका क्रियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन गाउँपालिकाको क्षमता अभिबृद्धिमा भूमिका निर्वाह गरेको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १० अगुवा कृषकहरु मध्ये ५ वटा समूहबाट ५ जना अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ४ योजनाहरुमा ६ जना ग्रामीण मर्मत संभार कार्यकर्ताहरुलाई १२ दिनको प्राविधिक तालिम दिई सिप विकास गरी परिचालन भएका छन् ।

*तालिका ३ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ९८ | ४९ | ० | ० | २३३ | २०८ | ३३१ | २५७ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ५३ | ५ | ० | ० | ९२ | ० | १४५ | ५ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | २ | ५ | २ | ५ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तनसंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | २ | ४ | ० | ० | १ | ८ | ३ | १२ |
| **जम्मा** | **१५३** | **५८** | **०** | **०** | **३२९** | **२२१** | **४८२** | **२७९** |

क्षमता विकास तालिमको साथ साथै यस गाउँपालिकामा विभिन्न लक्षित बर्गको लागि विभिन्न जनचेतना जगाउने खालका जस्तैः अन्तराष्ट्रिय नारी दिवस, विश्व पानी दिवस, महिनावारी स्वच्छता दिवस, राष्ट्रिय सरसफाइ सप्ताह, विभिन्न स्कुलहरुमा स्वस्थ्य तथा सरसफाइ सम्बन्धि कक्षा संचालन, विभिन्न समुदाय तथा समूहमा पोषण थाली प्रदर्शन, बैठकहरु, आदि जस्ता क्रियाकलापहरु सञ्चालन भएका छन् । यसरी यि क्रियाकलापहरुमा समुदायको उल्लेख्य सहभागिता रहेको थियो । यस गाउँपालिकामा विभिन्न मिति र कार्यक्रमहरुमा कुल १,२४७ जनाको सहभागिता रहेको थियो जसमा ७२ प्रतिशत महिला तथा २८ प्रतिशत दलित समुदायको सहभागिता रहेको थियो ।

तालिम तथा विभिन्न कार्यक्रमको विस्तृत विवरण अनुसूची २ (क) र (ख) मा दिइएको छ ।

## २.३. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ५ वटा घरवारी ब्यवस्थापन समूह मध्ये ५ समूहका १५० कृषकहरुलाई तालिम दिई १५० घरधुरीका ७८० जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी ब्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १० जना अगुवा कृषकहरु मध्ये ५ वटा समूहबाट ५ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् भने वजेट अभावको कारण ५ जना अगुवा कृषकलाई तालिम दिन सकिएन ।
- यस आ.व. मा २ वटा समूहका ५७ घरधुरीका २९६ जनसंख्या ब्यवसायिक तरकारी खेतीबाट न्यूनतम प्रति सिजन रु ६५० देखि रु १०,५०० सम्म प्रति घरधुरीले आयआर्जन गर्दै आइरहेका छन् । यस हिउँदे सिजनमा यि दुवै समुहले काका, फर्सि, भेडेखुर्सानी, आलु आदि खेतीमा परियोजनाको रु. ५५,००० लगानीमा एउटै सिजनमा रु. १,८८,००० को विक्रि गरे भने उक्त ५७ परिवारले आवश्यक मात्रामा तरकारी उपभोग गरि पोषणमा समेत सुधार आएको छ ।
- यस गाउँपालिकामा यस आ.व.मा १ जना महिलाले स्थानीय श्रोत ब्यक्ति विकास तालिम प्राप्त गरी घरवारी ब्यवस्थापन, ब्यवसायिक तरकारी खेती जस्ता प्रविधिकमा कृषकहरुलाई आवश्यकता अनुसार सहयोग गर्दै अइरहेका छन् ।

- यस गाउँपालिकामा यस आ.व.मा १५० जना कृषकहरुले Low Cost Technolgy सम्बन्धि कृषि प्रविधिको ज्ञान हासिल गरी आफ्नो घरवारीमा उपयोग गर्दै आइरहेका छन् ।
- घरबारी व्यवस्थापन तालीम पश्चात समुदायमा खेर गएको पानीको सदुपयोग भएको छ, थोरै जमीनको पनि सदुपयोग भएको छ, पोषणमा सुधार, केही सानो तिनो नगद आयआर्जनका साथै आय आर्जन गर्न व्यवसायिक तरकारी खेती बारे ज्ञान प्राप्त भएको र पैसाको बचत भएको देखिन्छ ।
- यस आ.व. को कार्यक्रम अनुसार नै जीविकोपार्जन कार्यक्रम अन्तरगत एक जना स्थानिय महिलालाई ५ दिने स्थानिय श्रोत व्यक्ति तालिम दिई पाच वटा घरवारी व्यवस्थापन समुहहरुमा परिचालन गरियो ।

*तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| २ | २३ | ० | १७९ | २०२ | ५८ | ० | ९२ | १५० | ८१ | ० | २७१ | ४७२ |
| **जम्मा** | **२३** | **०** | **१७९** | **२०२** | **५८** | **०** | **९२** | **१५०** | **८१** | **०** | **२७१** | **४७२** |

*तालिका ५ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी खेती | १ | ० | ५६ | ५७ |
| **जम्मा** | | **१** | **०** | **५६** | **५७** |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि गाउँपालिकाको अनुगमन संयन्त्रलाई परियोजनाको कार्यविधि अनुसार आवश्यकता अनुसार अनुगमन गर्न अधिकार दिने र सोहि अनुसार आवश्यकता अनुसार अनुगमन गर्ने गरिएको छ ।

*तालिका ६: योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | सिम कालढुंगा खा.पा तथा स.स. योजना | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ पटक | २ पटक |
| २ | सव सेन्टर खा.पा तथा स.स. योजना | ३ पटक(यस आ.व. मा दुई पटक मात्र) | २ पटक | २ पटक |
| ३ | कैलुन झाजरीखोला नाउली खा.पा तथा स.स. योजना | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ पटक | २ पटक |
| ४ | जायकोट जिमरोडा सिमलपुर खा.पा तथा स.स. योजना | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ पटक | २ पटक |
| | **जम्मा** | **८ पटक** | **८ पटक** | **८ पटक** |

*तालिका ७ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन ( फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | द्वैमासिक प्रगति प्रतिवेदन | ६ | ६ | ० |
| ४ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | २२ | २२ | **०** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका ८ : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १. | २०७५/०२/१० | कुनै पनि सुझाव नभएको (सबै श्रेस्ता राम्रोसँग राखेको) | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको आर्थिक वर्षमा भएको आम्दानी र खर्च भएको रकमको विवरण गाउँपालिकाको सूचना पाटीमा मिति २०७५/०४/१० गते टाँस गरिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका ९ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४ भाद्र २७ गते | गाउँपालिका स्तरिय परियोजना व्यवस्थापन समिति गठन, जि.स.स.बाट हस्तान्तरण भई आएका सहयोगि व्यक्ति परिचालन तथा सेबा सुबिधा तोकेको, बार्षिक कार्यक्रम तथा बार्षिक कार्य योजना निर्माण भई स्वीकृत भएको। |
| २ | २०७४ कार्तिक २५ गते | जीविकोपार्जन कार्यक्रमको कोटेशन तथा सप्लायर्स छनौट गर्ने निर्णय भएको । |
| ३ | २०७४ पौष २ गते | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस गन्यापधुरा गा.पा.भित्र RVWRMPको असोज र कार्तिकमहिनामा गरिएका कियाकलापको समिक्षा, कार्यान्वयन चरणमा रहेका खानेपानी तथा सरसफाई योजनाहरुको म्याद थप गर्ने सम्वन्धमा । |
| ४ | २०७४ माघ १६ गते | गत महिनाको निर्णयको कार्यान्वयन, पुस र माघ महिनामा गरिएका कियाकलापको समिक्षा, उ.स. व्यवस्थापन तालिम सम्वन्धि,योजनाहरुको पहिलो, दोश्रो अनुगमन सम्वन्धि र नयाँ योजनाहरुको कार्यान्वयनका लागि सम्झौता गर्ने सम्बन्धमा छलफल, |
| ५ | २०७४ फाल्गुन | प्रगति समिक्षा, खानेपानी तथा सरसफाई योजनाको म्याद थप गर्ने सम्वन्धमा निर्णय |

| | | |
|---|---|---|
| | १४ गते | भएको । |
| ६ | २०७४ चैत्त २९ गते | गत महिनाको निर्णयको कार्यान्वयन, फाल्गुन र चैत्र महिनामा गरिएका क्रियाकलापको समिक्षा, आ.व २०७४/०७५ को कार्यक्रम संशोधन र आ.व २०७५/०७६ को कार्यक्रम सम्वन्धि । |
| ७ | २०७५अषाढ २२ | प्रगति समिक्षा, आगामी आ.ब. २०७५/०७६ को लागि जनशक्ति ब्यवस्थापन तथा फिल्ड अफिस सम्झौता अवधि थप गर्ने सम्बन्धमा निर्णय भएको, गाउपालिकास्तरीय योजना दिगोपन व्यवस्थापन सम्वन्धि कार्यशाला गोष्ठी संचालन, सहयोगी संस्थाको छोटो सुचिका लागि मुल्याँकन गर्ने र गाउँपालिकास्तरिय परियोजना ब्यवस्थापन समिति सदस्यहरुको बैठक खर्च, सुधारिएको चुल्होको अन्तिम किस्ता निकासा सम्बन्धमा निर्णय भएको । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा कुनै पनि नितिहरु तर्जूमा गरेको छैन् ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका १० : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. |
|---|---|---|---|---|
| १ | कृषि शाखा | व्यबसायिक तरकारी खेति तालिम | नगद | २५,००० |
| २ | स्वास्थ्य शाखा र सामुदायिक विद्यालय | राष्ट्रिय सरसफाइ सप्ताह | वस्तुगत | ०० |
| ३ | महिला सहकारी संस्था, वडा कार्यालय | नारी दिवश | वस्तुगत | ०० |
| ४ | सामुदायिक विद्यालय, स्वास्थ्य शाखा | महिनावारी स्वच्छता दिवश | वस्तुगत | ०० |
| ५ | रेडियो युनिटी ९२.२ मेगाहर्ज, डडेल्धुरा | कार्यक्रम समृद्धि र सम्मान प्रसारणमा सहकार्य (कार्यक्रम प्रशारण) | नगद | १७,२५० |
| ६ | वेष्टर्न मल्टिमिडिया, डडेल्धुरा | होडिंग वोर्ड निर्माण तथा वाल पेन्टिङ | नगद | ७,१०० |


GOVERNMENT OF NEPAL EUROPEAN UNION

## ७. आइपरेका समस्याहरु

यस आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा खासै मुख्य समस्याहरु आई परेनन् तर सामान्य निम्न बमोजिमका समस्याहरु आइपरेका थिए, जसको समाधान गर्न निम्न उपायहरु अवलम्बन गरिएको थियो र बानी ब्यहोरा परिवर्तनमा अझै समय लाग्ने देखिन्छ ।

*तालिका ११ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | गोठेमल ब्यवस्थापन | स्थान अभावका कारण र परम्परागत घर निर्माणको अवस्थाले गर्दा आशा गरे अनुसार परिवर्तन गर्न नसकिए पनि गोठ सुधार र गोठेमल ब्यवस्थापनको लागि समूहहरुमा विशेष छलफल गरिएको । |
| २. | महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग | समुदायमा छलफल गरी महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग गर्नमा जोड दिइएको र विभिन्न जनचेतना जगाउने कार्यहरु गरेको । |
| ३. | मुहान विवादले काम गर्नमा ढिलाई/कठिनाई | सम्पुर्ण उपभोक्ताहरु, वडा कार्यालयका पदाधिकारी र राजनैतिक दलको उपस्थितीमा बिस्तृत रुपमा छलफल गरी कार्यान्वय प्रक्रिया अगाडी बढाईएको । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION

**मा संचालित योजनाहरुको विवरण**

| वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च ( रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| **ोजना** | | | | | | | |
| २ | ३५०५८१४ | ३०८२३१७ | ३१३७१७० | ३०४८५३ | सम्पन्न | | ६७९ |
| २ | ३०७९२१४ | २६२६८८२ | २०५४०८८ | २६७७५७ | सम्पन्न | | ५२७ |
| २ | २५९९८८१ | १४३३७५८ | १४३३७५८ | ० | कमागत भई जाने | १३१३६४५ | |
| २ | ३६१२२४२ | १९९२०४५ | १९९२०४५ | ० | कमागत भई जाने | १८२५१६० | |

*वेस, सम्पर्क जिल्लाको* **TSU**)

## अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समितिलाई अभिमुकिरण गोष्ठी | २ | १ | ४ | १० | ४ | ० | ० | २५ | २० |
| २ | सरसफाई तथा लैगिंक समानता तथा समाजिक समावेशीकरण गोष्ठी | २ | १ | ४ | १० | ४ | ० | ० | २५ | २० |
| ३ | घरबारि व्यवस्थापन तथा आयआर्जन गाोष्ठी | २ | १ | ४ | १० | ४ | ० | ० | २५ | २० |
| ४ | लेखा व्यवस्थापन गोष्ठी | २ | १ | ४ | १० | ४ | ० | ० | २५ | २० |
| ५ | मर्मत सम्भार तथा पानी सुरक्षा योजना गोष्ठी | २ | १ | ५ | १० | ४ | ० | ० | २५ | २० |
| ६ | सामुदायीक कार्य योजना | २ | १ | ४ | १० | ४ | ० | ० | २५ | २० |
| ७ | निमार्ण पश्चातको गोष्ठी | २ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | निमार्ण पूर्वको गोष्ठी | २ | १ | ४ | ९ | ६ | ० | ० | २० | २० |
| ९ | निर्माण अबधिको गोष्ठी | २ | १ | ४ | ९ | ६ | ० | ० | २० | २० |
| १० | लेखाव्यवबस्थापन पूनर्ताजगि तालिम | २ | १ | ४ | ९ | ६ | ० | ० | २० | २० |
| ११ | सार्वजनिक जनलेखा परिक्षण तयारि गोष्ठी | २ | १ | ४ | ९ | ६ | ० | ० | २० | २० |
| १२ | गा.पा.स्तरीय उपभोक्ता समिति व्यवस्थापन तालिम | २ | ३ | १ | २ | १ | ० | ० | ३ | ४ |
| **सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| | | | | | | | | | | |
| **जिवीकोपाजन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यवस्थापन तालिम | २ | ३ | ५ | ५३ | ५ | ० | ० | ९२ | ० |
| २ | घरवारी व्यवस्थापन पुनरताजगी तालिम | २ | १ | १ | ० | ० | ० | ० | १० | ४ |
| ३ | अगुवा कृषक तालिम | २ | ५ | १ | २ | ० | ० | ० | ३ | ० |
| ४ | ग्रामिण कृषि कार्यकर्ता | २ | ५ | १ | ० | ० | ० | ० | १ | ० |
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामीण मर्मत सम्भार कार्यकर्ता | २ | १२ | १ | ० | ० | ० | ० | १ | ५ |
| २ | ग्रामिण कृषि कार्यकता | २ | ५ | १ | ० | ० | ० | ० | १ | ० |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | सुधारिएको चुल्हो निर्माण तालिम | २ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | अनुभव आदान प्रदान भ्रमण | २ | ४ | १ | २ | ४ | ० | ० | १ | ८ |

## अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण

| क्र.सं. | सञ्चालित कार्यक्रमको नाम | वडा नं. | अवधि (दिन) | संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विश्व पानी दिवश | २ | १ | १ | ८ | १० | ० | ० | ४९ | २३ |
| २ | अन्तरराष्ट्रिय महिला दिवश | २ | १ | ७ | २०५ | ५५ | ० | ० | २९५ | ६५ |
| ३ | अन्तरराष्ट्रिय महिनावारी स्वच्छता दिवश | २ | १ | १ | ७५ | ६५ | ० | ० | ११० | ५० |
| ४ | राष्ट्रिय सरसफाई सप्ताह | २ | ७ | १ | ३५ | ५० | ० | ० | ७० | ८२ |
| ५ | समुदाय स्तरमा पुर्ण सरसफाइ तथा छाउपडी सम्बन्धि छलफल | २ | १ | ५ | ४५ | २३ | ० | ० | १३५ | ५५ |
| ६ | समुदाय तथा समूहस्तरमा पोषण थाली प्रदर्शन तथा छलफल | २ | १ | ७ | ९६ | ६५ | ० | ० | २०५ | १०२ |
| ७ | बिद्यालयस्तरमा सरसफाइ स्वच्छता सम्बन्धि कक्षा सञ्चालन | २ | १ | ६ | ७५ | ५७ | ० | ० | २०५ | १५५ |

## अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

### "इच्छा शक्तिले बनायो जीविकोपार्जन सहज": गन्यापधुरा २ गुर्म्यालवासीको

डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिका वडा नं. २, गुर्म्याल, गणेशपुर टोलमा मिति २०७३ पौष महिनामा गन्यापधुरा गाउँपालिका/ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको सहजीकरणमा गठन तथा परिचालन गरिएको श्री समैजी आयआर्जन कृषक समुह जुन डडेल्धुरा जिल्लाको सदरमुकाम खलंगा /वागवजार देखि करिव १५ कि.मि. पूर्व के.आइ.सिंह राजमार्गको छेउमा अवस्थित रडुवा नजिक रहेको छ । उपोष्ण किसिमको हावापानी भएको र क्षेत्री(वोहरा) थरका जातजातीको वसोवास रहेको यस क्षेत्रमा जीवनयापन गर्नका ज्याला मज्दुरीको लागिपुरुषहरु भारत तथा खाडी मुलक जाने र महिलाहरु रडुवाखोवाट गिट्टी वालुवा ओसारेर जीविकोपार्जन गरि रहेका पाईन्छन ।

यस समुदायमा करिव एक वर्ष पहिले गन्यापधुरा गाउँपालिका/ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाद्धारा जलउपयोग गुरुयोजनाको प्राथमिकता अनुसार सिमकालढुंगा खानेपानी तथा सरसफाई योजना निर्माणको लागी पहल शुरु गरे संगै समुह गठन गरि घरवारी व्यवस्थापन तालिम समेत दिईयो । २०७४ मंसिर महिनामा वेमौसमि तरकारी खेती र आयआर्जनका लागी उपयुक्त भूगोल, हावापानी, सडक पूर्वाधार र सिंचाई सुविधा समेत भएको यस गुर्म्याल टोलमा कृषि समुह गठन गरि २०७४ साल माघ महिनामा तिन दिने व्यवशायिक तरकारी खेती सम्वन्धि तालिम संचालन गरेसंगै ३६ जना कृषकहरु व्यवशायिक तरकारी खेती व्यवशाय अपनाउनमा सहमत भए ।

आजको सफलता र विगतको जीवन शैली एवं खेती पद्धती वारे अनुभव सुनाउदै समैजी आयआर्जन समुहका अध्यक्ष श्री माया देवी वोहरा भन्छिन यस RVWRMP गणेशपुरद्धारा कायक्रम संचालन र कार्यान्वयन हुनु अगाडी हामीसंग जमिन, सिंचाईकुलो, सडक पूर्वाधार जेजस्तो आज छ उस्तै थियो तर प्रविधि थाहा नपाउदा हामी ३६ जना कृषकहरु हिउदे शिजनमा गहु खेती गर्थ्यौं तर हामीलाई करिव अधिकत्तम ३/४ महिनासम्म मात्र खान पुग्थ्यो । वाकी महिनाको खाना खर्च तथा वच्चाहरुको पढाई खर्च जुटाउन महिलाहरुले चिसो महिनामा जाडो सहेर/अधिक दुख सहेर दैनिक वालुवा ओसार्दै सस्तो दररेटमा ठेकेदारहरुसंग विक्री गर्नु पर्ने एवं पुरुषहरु खाडी मुलुक तथा भारतमा कठोर दुखका साथ ज्याला मजदुरी गर्दा पनि वर्ष भरि गुजरा गर्न धौ धौ हुन्यो । तर जव देखि हामीले यस समुहका ३६ जनाले व्यवशायिक तरकारी खेतीको ज्ञान शिप प्रविधि वारे थाहा पाई सके पछि करिव १८ रोपनी जमिनमा गुमोज प्रविधिवाट वेमौसमि काका, फर्सि, भेडेखुर्सानी खेती शुरु गरेका थियौं । विगतमा गहु खेतीमा अनावश्यक दुःख खेपिरहेका हामी अहिले गहुखेती गरिने जग्गा तरकारी खेतीवाट हराभरा देख्दा समुहका हामी सवै एकदमै हर्सित भएका छौ । वर्षमा प्रति परिवार करिव अधिक्तम १ क्वीन्टल सम्म गहु फल्ने खेतमा अहिले (२०७४ चैत्र देखि २०७५ जेष्ठ १५ गते ) सम्ममा आफुले उपभोग पश्चात करिव ५१६७ Kg वा ५१.६७ क्वीन्टल काका उत्पादन गरि रु. ३० का दरले रु. १,५५,०१०।०० र करिव १५०० Kg वा १५ क्वीन्टल जुगेनी डल्ले/फर्सि रु. १५ का दरले रु. २२,५००।०० वरावर स्थानिय रडुवा वजार तथा आसपासका समुदाय एवं डडेल्धुरा वजार सम्म विक्रि गर्न सफल भउका छौं । यसमा थप्दै समुहका अध्यक्ष भन्नु हुन्छ अझै अन्तिम लटको उत्पादन लिन वाकी छ भने भेडखुर्सानी हुर्किने क्रममा छ ।

विगतमा वालुवा ओसार्ने कार्यमा पाएका दुःख सम्झीनु पर्दा र आज/हाल गन्यापधुरा गाउँपालिका/ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाद्धारा सिकाईएको शिप तथा प्रविधिले कत्ति धेरै शुख पाएको अनुभव गरेका छौं । लगानीको हिसाव गर्दा गन्यापधुरा गाउँपालिका/ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको रु. ३५०००।००, गन्यापधुरा गा.पा/कृषि शाखाको रु. २००००।०० तथा कृषक समुहको रु. ३५००।०० लगानीवाट यो व्यवशायिक तरकारी खेती शुरु गरेका थियौं सफलता आज हाम्रो अगाडी छरपष्ट छ । अव भावी दिनहरुमा यस व्यवशायलाई अझै ठूलो क्षेत्रफल(१८ रोपनीवाट वढाएर ५०/६० रोपनी) मा पुरुयाउने लक्ष्य लिएका छौं । आम कृषक दाजुभाई तथा कृषक समुहलाई म र मेरो समुहले गरेको उदारहणीय सफलताको पछाडी हामी समुह सदस्य/कृषकहरुको तिव्र ईच्छा शक्ति ले नै यो सफलता हासिलता हासिल भएको हो । अहिले हाम्रो जीविकोपार्जन सहज हुन पुगेको छ । तसर्थ प्रयास गर्दा सफलता अवश्य हात पर्नेछ भन्ने सन्देश समेत दिन चाहन्छु ।

## अनुसूची ४ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७४/१०/२३ | १. २ वटा खानेपानी योजनाहरुको बजार सामाग्री खरीदका लागि कोटेशन आह्वान गरिएको । |
| २ | रेडियो | रेडियो अमरगढीएफ.एम.सँगको सम्झौता अनुसार विभिन्न मितिमा | १. खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारीहरुसँग योजनाको बारेमा छलफल गरिएको इपिसोड प्रसारणका लागि ।<br>२. घरबारी समुहका सदस्यहरुलाई आयआर्जन सम्बन्धि अन्तर्वार्ता कार्यक्रम सञ्चालन गरिएको इपिसोड प्रसारणका लागि ।<br>३. गाउँपालिकाका पदाधिकारीहरुसँग आ.व. २०७४/०७५ को कार्यक्रमा बारेमा छलफल गरिएको इपिसोड प्रसारणका लागि ।<br>४. सन्देशमूलक बिभिन्न जिंगलहरु नियमित रुपमा प्रसारण गरिएको ।<br>५. फिल्ड संयोजक देवराज भण्डारी र जीविकोपार्जन प्रवर्द्धक सन्तोष जोशीसंगको आ.व. २०७४/०७५ को कार्यक्रमा सम्बन्धि अन्तर्वार्ता कार्यक्रम सञ्चालन गरिएको इपिसोड प्रसारणका लागि । |
| ३ | टेलिभिजन | | |
| ४ | सामाजिक सञ्जाल | विभिन्न मितिमा | १. सिम कालढुंगाखानेपानी तथा सरसफाई योजनाको फिन्ल्यान्ड सरकारको संसदीय टोली र राजदुतावासको सल्लाहकार टोली लगायत युरोपियन यूनियन टोलीद्धारा गरिएको योजनाको अनुगमन तथा विभिन्न अनुगमनका दृष्यहरु facebook बाट share गरिएको ।<br>२. विभिन्न समयमा खानेपानी तथा ससफाई कार्यक्रम, जीविकोपार्जन कार्यक्रम, क्षमता अभिवृद्धिका क्रियाकलापहरुको साथै योजनाहरुको अनुगमन, विभिन्न दिवशहरु मनाएको अवधिमा, गाउँपालिका स्तरिय परियोजना व्यवस्थापन समितिको बैठक र योजनामा निर्माण कार्य भईरहेको वेला महिला सहभागिता देखिने आवश्यक फोटोहरु facebook बाट share गरिएको । |
| ५ | प्रदर्शनी | विभिन्न मितिमा | १. स्थानीय स्तरमा पोषण प्रवर्द्धनका लागि पोषण सम्बन्धि थाली प्रदर्शनहरु विभिन्न समूह तथा समूदायमा गरिएको ।<br>२. स्थानीय विद्यालयहरुमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको लागि विभिन्न पोष्टरहरु र विधिहरु प्रदर्शन गरिएको । |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | विभिन्न मितिमा | १. विभिन्न दिवशहरुमा परियोजना, सरसफाई तथा जीविकोपार्जन सम्वन्धि गितहरु वजाउने गरेको<br>२. चरण वद्ध तालिमहरुमा विभिन्न चेतना मुलक गित तथा भिडियो डकुमेन्ट्रीहरु देखाएको |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | विभिन्न मितिमा | १. विभिन्न जनचेतना मुलकभनाई तथा सचित्र वालपेन्टीङ्ग, होर्डिङ्ग बोर्ड लगायतका सामाग्रीहरु विभिन्न स्थानहरुमा राखिएको ।<br>२. योजना कार्यान्वयन चरण को सम्झौता हुने वित्तिकै र योजना सम्पन्न भए पश्चात सक्षिप्त विवरण सहितको होर्डिङ्ग बोर्ड योजना स्थलमा राखिएको । |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।






## अनुसूची ५ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजनाबाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| १ | देवराज भण्डारी | गन्यापधुरा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | फिल्ड सयोजक | १० |
| २ | दल वहादुर दियाल | गन्यापधुरा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सब इन्जिनियर | ३ |
| ३ | सन्तोष जोशी | गन्यापधुरा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जिविकोपार्जन प्रबर्द्धक | ३ |
| ४ | करविर सिंह भण्डारी | गन्यापधुरा गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जलश्रोत प्रबिधिक | १२ |

गाउँपालिका तथा माथि उल्लेखित सहयोगी ब्यक्तिहरुलाई परियोजनाको उद्धेश्य पूरा गर्नको लागि आवश्यकता अनुसार सहयोग गर्न, योजना तथा कियाकलापहरुको अनुगमन गर्न, तालिम लगायतका विषयहरुमा सहयोग गर्न प्राविधिक सहयोग इकाई र परियोजना सहयोग इकाईबाट पनि पटक पटक कर्मचारीहरु आवश्यकता अनुसार परिचालन भएका थिए ।